INTERNATIONAL
COMMISSION
OF JURISTS

# *आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र समानताको अधिकार सम्बन्धमा मौलिक अधिकार समितिको मस्यौदामा राखिएका प्रावधानहरू : मुल्यांकन तथा सिफारिश गरिएका संशोधन*

अप्रील २०१०

# प्राक्कथन

सन् २००९ को नोभेम्वरमा मौलिक अधिकार तथा निर्देशक सिद्धान्तसम्बन्धी अवधारणापत्र तयार गर्ने जिम्मेवारी भएको नेपालको मौलिक अधिकार तथा निर्देशन सिद्धान्त समितिले मसौदा प्रस्ताव संविधानसभामासमक्ष प्रस्तुत गऱ्यो ।

मौलिक अधिकार सम्बन्धी भागमा समानता/विभेदसँगसम्बन्धीत वा प्रत्यक्ष रूपले आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार प्रदान गर्ने विभिन्न धाराहरू लगायत अधिकारसम्बन्धी प्रस्तावित व्यवस्थाहरू रहेका छन् ।

मौलीक अधिकार तथा निर्देशक सिद्धान्त समितीले आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार तथा समानताको अधिकारको क्षेत्रमा एउटा महत्वपूर्ण मस्यौदा तयार गरेको छ । मस्यौदाले आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको व्यापक क्षेत्रलाई समेटेको छ र त्यसका धेरैजसो प्रावधानहरु दक्षिण एशियामा नै पहिलो पटक स्पष्ट रुपमा समेटिएका छन भने थुप्रै विपन्न वर्गहरुको समानताको अधिकारहरुलाई मान्यता प्रदान गरिएको छ । समष्टिमा, सो मस्यौदा एक त्यस्तो प्रभावशाली आधार हो जस्ले सम्पूर्ण नेपाली जनताको हित र अधिकारहरुप्रतिको समितिका सदस्यहरुको उच्च प्रतिवद्धता, समर्पण र चासो प्रदर्शन गर्दछ ।

यस सोधपत्रको उद्देश्य अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको दृष्टिकोणबाट मौलिक अधिकार समितिको मस्यौदामा समाविष्ट समानता तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि व्यवस्थाहरूमा रहेका कमजोरीहरू पहिचान गर्नु हो । संभव भएका स्थानमा अन्तर्राष्ट्रिय मानव अधिकारका मान्यतासँग मिल्ने भाषा समेत प्रस्ताव गरिएको छ ।

अन्तमा यस सोधपत्रले मौलिक अधिकार समितिको अवधारणापमा विचार गर्नैपर्ने र संवोधन गरिनु पर्ने विषयहरूको सुची समेत उल्लेख गरेको छ ।

यस सोधपत्रलाई अनौपचारिक तथा धेरैजसो गैर–वकिल सदस्य रहेका संविधानसभाका सदस्यहरुले सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गर्न सकिने किसिमको बनाउन खोजिएको छ । यसलाई विषयक्षेत्रका आधारमा व्यवस्थित गरिएको छ । तसर्थ समानतासम्बन्धी हकको प्रत्याभुति तथा महिला, दलित तथा वालवालिकासम्बन्धी व्यवस्थाहरूलाई एकसाथ समुहीकृत गरिएको छ । पाठकलाई सम्पूर्ण सोधपत्र हेर्न आग्रह गर्दागर्दै पनि विशिष्ट विषयको अध्ययन गर्न चाहनेहरूले पनि यो सोधपत्र उपयोगी पाउनेछन् ।

# विषयवस्तुहरुको सुची तथा टिप्पणी : मौलिक अधिकार समितिको अवधारणापत्रमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार तथा समानताका अधिकार

**समानता : सामान्य व्यवस्थाहरू**

- **समानताको अधिकारः (धारा ३(२) तथा ३(३))**

  धारा ३(२) तथा ३(३) मा रहेका विभेद गर्न निषेध गरिएका आधारहरूको सुचीमा "उमेर" र "राष्ट्रिय वा सामाजिक उत्पत्ती" थपी विस्तार गरिनुपर्दछ । उमेरको कुरा गर्दा, यो अर्न्तराष्ट्रिय मानव अधिकार कानूनअर्न्तगत विभेद गर्न निषेध गरिएका आधार हो । त्यसका साथै, सकारात्मक विभेदका कार्यक्रमसम्बन्धी व्यवस्थामा यूवा तथा वृद्ध नागरिक दुवै समूहलाई कमजोर समुहका रुपमा पहिचान र सुचिकृत गरिएकाले पनि समरुपता र निरन्तरताका लागि 'उमेर' लाई विभेद गर्न निषेध गरिएका आधारहरूको सुचीमा समावेश गरिनुपर्छ ।

  **राष्ट्रिय वा सामाजिक उत्पत्ति**को आधारमा गरिने भिन्न व्यवहारलाई उचित ठहऱ्याउने कुरालाई अधिकारमा मनासिव प्रतिबन्ध लगाउने व्यवस्थाका माध्यमबाट संबोधन गर्न सकिन्छ । उदाहरणका लागि, अर्न्तराष्ट्रिय कानूनले मतदानको अधिकार जस्ता निश्चित राजनितिक अधिकारहरुमा गैरनागरिकलाई रोक लगाउन अनुमती दिएको छ । तर लागु हुने अन्य धेरै अधिकारका हकमा भने त्यस्ता अधिकार उपभोग गर्न पाउने हक भएकाहरुले समान रुपमा अधिकार उपभोग गर्न पाउनुपर्ने हुन्छ । (राष्ट्रिय वा सामाजिक उत्पत्ति : मानव अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध तथा नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्धको धारा २ तथा

संयुक्तराष्ट्रसङ्घीय मानव अधिकार समितीको विधिशास्त्रअनुसार *"उमेर " "अन्य अवस्था"* अर्न्तगत पर्दछ ।)[१]

- **समानताको हक**: वर्तमान मस्यौदाको धारा ३(२) ले आर्थिक स्थीतिको आधारमा विभेद गर्न रोक लगाएको छ । तथापि धारा ३(३) बाट यो पदावली भुलवस हटाईएको देखिन्छ । त्यसैले धारा ३ (३) मा पनि "आर्थिक स्थीति" लाई विभेद निषेध गर्ने आधारको रुपमा राख्नुपर्दछ, जुन कुरा धारा ३(२)मा राखिसकिएको छ । यस्तो व्यवस्था संयुक्तराष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिको हालैको सामान्य टिप्पणी अनुरुप हुनेछ (*आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा गैरविभेदता,* राष्ट्रसंघिय दस्तावेज) E/C.12/GC/20 (2009), परिच्छेद ३५)

- **समानताको हक** : धारा ३(२) तथा ३(३) मा "अपाङ्गता" लाई विभेदको निषेधित आधारको रुपमा राखेको पाइन्छ । तर नेपालमा मानसिक अपाङ्गता भएका मानिसले लामो समयदेखि भोग्दै आएको र भोगिरहेको ऐतिहासिक सिमान्तीकरणको कारण धारा ३(२) पश्चात व्यवस्था गरिएको सकारात्मक विभेद प्रावधानमा जस्तै मानसिक तथा शारीरिक अपाङ्गतालाई भिन्न रुपमा उल्लेख गर्नु उपयुत्त हुन्छ । नेपालले हस्ताक्षर गरेको तर अझै अनुमोदन नगरेको *अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी संयूक्त राष्ट्रसंघिय महासन्धी*ले आफ्नो क्षेत्रअर्न्तगत 'त्यस्ता व्यक्ति जसमा दिर्घकालीन शारिरिक, मानसीक, बौद्धिक वा संवेदनात्मक अपाङ्गता छ र त्यस्तो अपाङ्गताले अन्य विभिन्न बाधाहरुका साथमा जोडिई समाजमा अन्य व्यक्ति सरहको पूर्ण र प्रभावशाली सहभागीतामा अवरोध उत्पन्न गर्न सक्छ**'** भन्ने कुरालाई समेटेको छ । (धारा १)

- तसर्थ धारा ३(२) तथा ३(३) मा उल्लेखित अपाङ्गतालाई **मानसिक तथा शारीरिक अपाङ्गता** पदावलीले प्रतिस्थापित गरिनुपर्दछ ।

- **समानताको हक : सारभुत समानता, छुवाछुत विरुद्धको हक, महिला सम्बन्धि हक तथा दलित समुदाय सम्बन्धि हक ( धारा ३, ९, २३, र २५)** । धर्म, लिङ्ग तथा जात सन् १९५१ देखि विभेद्को प्रमुख निषेधित आधारको रुपमा रहेको तथ्यका बाबजुद नेपाली समाज विभेदबाट ग्रस्त छ । वर्तमान मस्यौदा पनि पहिलाको दस्तावेजहरूजस्तै छ र यसबाट खास प्रगति हासिल हुने संभावना छैन किनकी यसले पनि पहिलाका दस्तावेजहरूलेजस्तै सारभुत समानताको प्रत्याभुति नगरी समान व्यवहार (औपचारिक समानता) मात्र प्रत्याभुत गरेको छ । त्यसैले

[१] (*Schmitz-de-Jong* v *Netherlands* (855/99) & *Love* v *Australia* (983/01)

प्रत्येक व्यक्तिले कानुनबमोजिम सारभुत समानताको अधिकार प्राप्त गरोस् तथा विना भेदभाव कानुनको समान संरक्षण र सुविधाको सारभुत अधिकार प्राप्त होस् भन्ने सुनिश्चत गर्नका लागि वर्तमान मसौदाका समानता र गैरभेदभावसम्बन्धी प्रावधानहरू(धारा ३(२), ३(३), ९, २३, २५) पुनरावलोकन गर्नु उपयुक्त हुन्छ । त्यस्तो व्यवस्थाले कानुन तथा सरकारी कार्यको सार तथा प्रभावका सम्बन्धमा न्यायिक पुनरावलोकन गर्न सकिन्छ । अदालतहरूलाई सिमान्तीकृत समुदायको ऐतिहासिक विभेदको कारणहरू हेर्नका लागि अनुमति प्राप्त हुन्छ । मस्यौदाको हालको व्यवस्थाले अदालतले चुनौती दिइएको कानुनको औपचारिक विभेद हेर्न मात्र सक्दछन् ।

त्यसैले धारा ३(२) तथा धारा ३(३) को हालको शब्दचयनलाई समानताको अधिकारले प्रत्यक्ष तथा अप्रत्यक्ष भेदभावविरुद्ध संरक्षण प्रदान गर्न तथा सारभुत समानताको प्रत्याभुति समाविष्ट गने कुरालाई दृढताका साथ उल्लेख गर्नका लागि परिवर्तन गरिनु पर्दछ । यस्का लागि धारा ३(२) र ३(३) लाई एकै ठाँउमा राखि निम्नअनुसारको सामान्य समानताको अधिकारको व्यवस्था गर्न सकिन्छ :–

> चाहे परिणामको आधारमा होस वा उदेश्यको आधारमा मा होस, कुनै पनि नागरिक माथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिकता, शारिरिक अवस्था, अपाङ्गता, स्वास्थको अवस्था, वैवाहिक अवस्था, गर्भावस्था, आर्थिक स्थिती, उत्पत्ति, भाषा वा प्रदेश, वैचारिक आस्था वा यस्तै अन्य आधारमा भेदभाव गरिने छैन । *भेदभावका लागि निषेधित आधारले पहिचान गरेको कुनै समुहको आवश्यकताहरु संवोधन गर्न र त्यस्ता समुहलाई रोक्ने अवरोधहरुलाई हटाउने दुबै कार्यका लागि समानताको हकमा सकारात्मक मापदण्डहरुको आवश्यकता हुन्छ ।* (वंग्याईएका पक्तिहरुले सिफारिस गरिएका अतिरिक्त शब्दहरुलाई इंगित गर्दछ ।)
>
> [**CESCR** GC. 20 (2009) and **CRPD** art. 2]

**समानताको हक धारा ३(३) :** धारा ३(२) मा भएजस्तो सकारात्मक विभेदका लागि कानुन बनाउन अख्तियार दिइएको आशय धारा ३(३) मा पनि देखिनु पर्दछ जसले सकारात्मक विभेदका उपायहरूको लागि अख्तियार दिन्छ (चाहे त्यो कानुनको कायान्वयन सँग सम्बन्धित होस् वा नहोस् ) । तसर्थ धारा ३(२) पछिको “तर कुनै पनि कुराले विशेष व्यवस्था गर्न कानुन बनाउनमा रोक लगाएको मानिने छैन...” भन्ने शब्दहरू धारा ३(३) पछि दोहोऱ्याउनु पर्दछ । [**CESCR** GC. 20 (2009)]

- **समानताको हक : धारा ३(२) र (३) :** विभेदको आपसमा अर्न्तसम्बन्धित आधारहरूका सम्बन्धमा बढ्दो चेतनालाई सम्मान गर्दै अधिकारका दाबीकर्ताहरू बहु तथा अर्न्तसम्बन्धित आधारहरूमा भर पर्न सक्दछन् भन्ने कुरालाई प्रष्ट पार्न यी धाराका अन्त्यमा केही शब्द थप्नु उपयोगी हुन सक्दछ । उदाहरणको लागि लिङ्ग तथा जातको संयुक्त विभेदमा परेकी  एक दलित महिला आफ्नो मुद्दा[2] अघि बढाउन लिङ्ग तथा जातका आधारमा हुने भेदभावको आधार लिई अदालत जान सक्नुपर्दछ । धारा ३(२) र (३) पश्चात तलका शब्दहरू थप्ने सिफारिश गरिन्छ :–

  ***यसका साथै विभेद गर्न निषेध गरिएका एक वा धेरै आधारहरू बमोजिम वा तिनीहरूको संयुक्त प्रभावका आधारमा  भेदभाव हुने छैन ।***

  [**CESCR** General Comment No. 20]

- **समानताको हक : धारा ३(४)** (पारिश्रमिकमा समता/पारिश्रमिकमा समानताका सम्बन्धमा) प्रश्न, समान कामका लागि लिङ्गगका आधारमा हुने भेदभावको निषेधले समान मुल्यको काम पनि समावेश गर्दछ ? रोजगारीको समता समावेश गर्दछ ? वर्तमान कानुनले समान कामका लागि महिला तथा पुरुषवीच गैरभेदभावको व्यवस्था गर्दछ । तर यसले समान मुल्य भएका फरक कामलाई सम्बोधन गर्दैन । महिला तथा पुरुष जसले सम्पादन गरेपनि समान मुल्य

---

[2] The UN Committee on Economic, Social and Cultural Rights has confirmed that: "Some individuals or groups of individuals face discrimination on more than one of the prohibited grounds, for example women belonging to an ethnic or religious minority. Such cumulative discrimination has a unique and specific impact on individuals and merits particular consideration and remedying." See: General *Comment No. 20: Non-Discrimination in Economic, Social and Cultural Rights* at para. 17: http://www2.ohchr.org/english/bodies/cescr/docs/gc/E.C.12.GC.20.doc

Model wording can be found in the *Canadian Human Rights Act*, s. 3.1 which provides: "For greater certainty, a discriminatory practice includes a practice based on one or more prohibited grounds of discrimination or on the effect of a combination of prohibited grounds.

See: http://laws.justice.gc.ca/fra/h-6/20090812/page-2.html#codese:3_1

भएका फरक कामका लागि समान तलव सुनिश्चत गर्ने उद्देश्यले यस व्यवस्थालाई परिमार्जन गर्नु उपयुक्त हुन्छ ।

**समानता : छुवाछुत**

**छुवाछुत विरुद्धको हक :** धारा ९ (धारा ३ तथा *सारभुत समानता*का लागि माथि हेर्नुहोस् । )

**समानता : महिला**

- **महिला सम्बन्धि हक** : धारा २३(२), यसलाई भेदभावविरुद्धको व्यवस्थाको रुपमा भन्दा पनि सारभुत समानताको अधिकारको रूपमा व्यवस्था गरिनुपर्दछ जसले गर्दा प्रत्यक्ष तथा अप्रत्यक्ष दुवैखाले भेदभाव निषेध हुन जान्छ । (धारा ३ तथा *सारभुत समानता*का लागि माथि हेर्नुहोस् ।)
- **महिला सम्बन्धि हकः धारा २३(६):** शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका सम्बन्धमा महिलाहरूले विशेष अवसर प्राप्त गर्ने कुराको प्रत्याभुति यस व्यवस्थाले गर्दछ । धारा ३१(१) को "कानुनमा व्यवस्था भएबमोजिम" भन्ने शब्दहरूले यि सुविधाहरू उपर अनिश्चितताको खतरा ल्याउँछ । यो समस्या धारा ३१(१) हटाएर समाधान गर्न सकिन्छ । ( धारा ३१ सम्बन्धी छुट्टै टिप्पणी तल हेर्नुहोस्) ।

**समानता : बालबालिका**

- **वालबालिका सम्बन्धि हक : धारा २४ :** बालबालिकासँगसम्बन्धीत कानुनी कारबाहीमा बालिबालिकाको सर्वोत्तम हितप्रती सर्वोपरी ध्यान पुऱ्याईनुपर्ने भन्ने प्रावधान हुनुपर्दछ । बाल अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धी (जसलाई नेपालले अनुमोदन गरेको छ) को धारा ३(१) ले यस सम्बन्धमा गरेको व्यवस्था अनुसारः **'समाजिक कल्याण सम्बन्धी सार्वजनिक वा निजी संस्थाहरू, अदालत, प्रशासकिय वा व्यवस्थापकिय निकाय लगायत जुनसुकै निकायद्धारा गरिएका बालबालिकासँग सम्बन्धीत सबै किसिमका कारबाहीहरूमा बालबालिकाको सर्वोत्तम हित प्रमुख आधारका रुपमा रहनेछ ।'** बालबालिकाको अधिकारसम्बन्धी समितिका अनुसार यो सिद्धान्त महासन्धीमा उल्लेखित सबै अधिकार र प्रावधानहरुमा समान रुपले लागु हुन्छ र ति अधिकारहरुको विषयवस्तु र क्षेत्रको व्याख्यालाई सुचित गर्नुपर्दछ । धारा २४ मा नेपालले पनि समान प्रावधानको व्यवस्था गर्नुपर्दछ ।
- **बालबालिका सम्बन्धि हक : धारा २४(२)** : यस प्रावधानले शिक्षा तथा स्वास्थ्य सेवाको सम्बन्धमा बालबालिकाले विशेष अवसर पाउने कुराको प्रत्याभुति गरेको छ । तर धारा ३१(१) को "कानुनमा व्यवस्था भएबमोजिम" भन्ने शब्दहरूले यि सुविधाहरू उपर अनिश्चितताको

खतरा ल्याउँछ । यो कमजोरी धारा ३१(१) हटाएर समाधान गर्न सकिन्छ । ( धारा ३१ सम्बन्धी छुट्टै टिप्पणी तल हेर्नुहोस्) ।

**समानता : दलित**

- **दलित समुदायका हक** : धारा २५(१) : यसलाई भेदभावविरुद्धको व्यवस्थाको रुपमा राख्नुको सट्टा सकारात्मक रुपमा, सारभुत समानताको अधिकारको रुपमा व्यवस्था गरिनु पर्दछ जसबाट प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै किसिमको भेदभाव निषेध हुनेछ । (धारा ३ र सारभुत समानताका सम्बन्धमा माथि हेर्नुहोस् ) ।

- **दलित समुदायका हक** : धारा २५(३) : शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धमा सकारात्मक विभेदको व्यवस्था गर्ने दलितको अधिकारसम्बन्धी यस प्रावधानलाई धारा ३१(१) को कानुनमा व्यवस्था भएबमोजिम भन्ने शब्दहरूले अनिश्चीतताको खतरा पुयाऱ्उँछ । यो समस्या धारा ३१(१) हटाएर समाधान गर्न सकिन्छ । ( धारा ३१ सम्बन्धी छुट्टै टिप्पणी तल हेर्नुहोस्) ।

**कानुनी सहायता**

- **न्यायसम्बन्धी हक : कानुनी सहायता (धारा ५(१०)** : वर्तमान व्यवस्थाले गरीब मानिसका लागि कानुनी सहायताको व्यवस्था गरेको छ तर दस्तावेजमा यसलाई राखिएको स्थान हेर्दा फौजदारी कारबाहीमा परेका व्यक्तिका लागि मात्र यस्तो सहायताको प्रत्याभुती गरिएको जस्तो हुन जान्छ ।

- फौजदारी न्यायको क्षेत्रमा मात्र नभई गरिब व्यक्तिको संवैधानिक रुपमा संरक्षित हितहरू खतरामा पर्दा वा हनन भएको जुनसुकै अवस्थामा कानुनी सहायता प्राप्त हुनेछ भन्ने सुनिश्चित गर्नका लागि निम्नलिखित शिर्षकमा, धारा ५ अर्न्तगत नभई एक छुट्टै प्रावधानको व्यवस्था गर्नु उपयुक्त हुन्छ :–

  **कानुनी सहायता**

  **आफ्नो मौलिक अधिकार हनन भएको वा त्यसमा खतरा पुगेको अवस्थामा कुनै पनि गरीब व्यक्तिलाई निःशुल्क कानुनी सहायताको अधिकार हुनेछ ।**

- **शिक्षा सम्बन्धि हक : धारा १६(३)** : यस प्रावधानले विपन्न वर्गका नागरीकलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने कुरा देखाउँछ तर त्यसपछि यसलाई कानुनमा व्यवस्था भएबमोजिम भनी सिमित गरिएको छ । 'कानुनमा व्यवस्था भएबमोजिम' भन्ने व्यवस्थाले स्पष्ट रुपमा उच्च शिक्षाको अधिकार संवैधानिक रुपमा संरक्षित छैन बरु संसदले पछि व्यवस्थापिकिय कानून

निर्माण गरि त्यसो गर्ने निर्णय गरेमा मात्र संरक्षित छ भन्ने हुन्छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्धको धारा १३ अर्न्तगत राज्यले उच्च शिक्षा सबैका लागि समान रुपमा पहुँचयोग्य बनाउनुपर्ने उत्तरदायित्व पुरा गर्नेतर्फ प्रावधानको वर्तमान शब्द संयोजनले उच्च शिक्षाको कुनै पनि संवैधानिक अधिकार सृजना गरेको छैन ।

धेरैजसो संवैधानिक प्रावधानहरुमा आवश्यक भए झैं यहाँ निश्चित तत्वहरुका बारेमा पूर्ण रुपमा स्पष्टता आवश्यक हुन्छ, उदाहरणका लागि यस प्रावधानको कुरा गर्ने हो भने यसमा ‘विपन्न वर्ग’ र ‘उच्च शिक्षा’ को परिभाषा स्पष्ट हुन जरुरी छ । तथापी, कार्यान्वयन गर्ने कानूनको आवश्यकता हुनेछ भन्दैमा, त्यस कानूनले जस्तोसुकै विषयवस्तुहरु समेटे पनि अधिकारको सार स्विकार गर्नुपर्ने आवश्यकतालाई प्रतिस्थापन गर्न सक्दैन । त्यसैकारण ‘कानुनमा व्यवस्थाभए बमोजिम’ भन्ने वाक्यांश यस प्रावधानबाट हटाउनु पर्छ ।

- **रोजगारी सम्बन्धि हक : धारा १८(१) र (३) :** यस धाराले ‘रोजगारीको शर्त र अवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ’ र ‘बेरोजगार नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम भत्ता पाउने हक हुनेछ’ भन्ने व्यवस्था गरेको छ । रोजगारीको शर्त वा बेरोजगारी भत्तासम्बन्धी कुराहरु अधिनस्थ विधानमा राख्नका लागि प्रत्योजन गर्न आवश्यक छ भन्ने कुरा मान्दै, पछि आउने कार्यान्वयनसम्बन्धि कानूनले उपयूक्तताको संवैधानिक मापदण्ड पुरा गरोस भन्ने सुनिश्चित गर्नका लागि यस प्रावधानमा ‘उपयूक्तता’ को शर्त थप्नु उचित हुन्छ र त्यसो गरेमा उक्त प्रावधानहरु ‘रोजगारीको उपयुक्त शर्त तथा अवस्था कानूनले निर्धारण गरेबमोजिम हुनेछ’, र ‘प्रत्येक बेरोजगार नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिमको उपयूक्त भत्ता प्राप्त गर्ने अधिकार रहनेछ’ भन्ने हुनेछ । (उदाहरणका लागि धारा १९(१) र (२) मा उचित श्रम अभ्यासको हक र उचित पारिश्रमिक, सेवा सुविधा र सामाजिक सुरक्षाको हकको व्यवस्था गरिए झै)

- **रोजगारी सम्बन्धि हक :** धारा १८(१) ले कानुनले निर्धारण गरे अनुसारको शर्त र अवस्थासम्बन्धी अधिकार प्रत्याभुति गरेको छ । यि अधिकारहरू नेपालले अनुमोदन गरेको बाध्यकारी रुपमा लागु हुने सन्धीहरूमा पाउन सकिन्छ । तर यसलाई नागरिकहरूमा सिमित गर्नाले नेपालमा (१) गैर-नागरिकहरूको शोषणको ढोका खोलिदिने, र (२) गैरनागरीकलाई कम ज्यालामा काम लगाउन खोज्ने रोजगारदाताका कारण नेपाली श्रमिकको आम्दानि कमजोर हुनसक्ने अवस्था हुनसक्छ । अर्न्तराष्ट्रिय दायित्वको परिपालना सुनिश्चित गर्दै नागरिकका लागि सिमित गरिएका अधिकारहरूको पुनरावलोकन गर्नु उपयुक्त हुन्छ । (धारा (२), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध)

**श्रम**

- **श्रमसम्बन्धी हक : धारा १९(३)** ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामुहिक सौदाबाजी गर्ने र हड्ताल गर्न पाउने अधिकारलाई शर्तयूक्त रुपमा 'कानुनमा व्यवस्था भएबमोजिम हुनेछ' भनी गरिएको प्रावधान अनुपयुक्त तवरमा व्यवस्था गरेको देखिन्छ । 'कानुनमा व्यवस्था भएबमोजिम हुनेछ' भन्ने वाक्यांशले स्पष्ट रुपमा श्रम अधिकार संवैधानिक रुपमा प्रत्याभुत गरिएको छैन भन्ने अर्थ दिन्छ, र त्यसैकारण उक्त पदावली हटाईनु वा प्रष्ट पारिनु पर्दछ ।

**स्वास्थ्य**

- **स्वास्थ्य सम्बन्धि हक : धारा २०(१) :** आर्थिक, साँस्कृतिक तथा सामाजिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्धको दायित्वअनुरुपको व्यवस्था गर्न, तथा प्रगतिशिल कार्यान्वयनको सिद्धान्त ( principle of progressive realization) प्रति ध्यान पुऱ्याउदै, स्वास्थ्यको अधिकारलाई आधारभुत स्वास्थ्यसेवामा सिमित नगरी निम्नलिखित रुपमा व्यवस्था गरिनु पर्दछ :**– ...निशुल्क रुपमा उच्चत्तम स्तरको मानसिक तथा शारीरिक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ** ।

  (आर्थिक, साँस्कृतिक तथा सामाजिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध तथा आर्थिक, साँस्कृतिक तथा सामाजिक अधिकारसम्बन्धी समिती, सामान्य टिप्पणी १४)

- **स्वास्थ्य सम्बन्धि हक : धारा २०(१) :** निःशुल्क आधारभुत स्वास्थ्य सेवाको अधिकार नागरिकलाई मात्र प्रदान गरिएको छ । अर्न्तराष्ट्रिय दायित्वको परिपालना सुनिश्चित गर्दै अधिकारलाई नागरिकका लागि मात्र सिमित गर्ने सबै प्रावधानहरूको पुनरावलोकन गर्नु उपयुक्त हुन्छ ।

**खाद्य**

- **खाद्य सम्बन्धि हक : धारा २१** : यि अधिकार नागरिकहरूका लागि मात्र उपलब्ध छन् । अर्न्तराष्ट्रिय दायित्वको परिपालना सुनिश्चित गर्दै अधिकारलाई नागरिकका लागि मात्र सिमित गर्ने सबै प्रावधानहरूको पुनरावलोकन गर्नु उपयुक्त हुन्छ ।

**आवास**

- **आवासमा पहुँचको हक** : यि अधिकार नागरिकहरूलाई सिमित गरिएका छन् । अर्न्तराष्ट्रिय दायित्वको परिपालना सुनिश्चित गर्दै अधिकारलाई नागरिकका लागि मात्र सिमित गर्ने सबै प्रावधानहरूको पुनरावलोकन गर्नु उपयुक्त हुन्छ ।

- **आवासमा पहुँचको अधिकार : धारा २२(१) :** आवासमा *पहुँच*को अधिकारलाई 'पर्याप्त आवासको अधिकार' भन्ने जनाउन पूर्नसंरचित गरिनुपर्छ (आर्थिक, साँस्कृतिक तथा सामाजिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध, धारा ११(१), सामान्य टिप्पणी ४) । धारा २२(१) ले 'पँहुच' को कुरा गर्छ जबकि खाद्यसम्बन्धि हक धारा २१(१) ले त्यस्तो गर्दैन ? आवासको अधिकार कुनै पनि अर्थमा खाद्य सम्बन्धि अधिकार भन्दा कमजोर हुनुहुदैन । यस प्रावधानको भाषा यस्तो हुनुपर्दछ : – प्रत्येक व्यक्तिलाई प्रयाप्त आवासको अधिकार हुनेछ ।

- **आवास सम्बन्धि हक** : धारा २२(२) बलपूर्वक एवम् स्वेच्छाचारी ढंगबाट निकाला विरुद्धको अधिकार: निकाला गर्न अख्तियारी दिने कानुन आफैमा स्वेच्छाचारी तथा औचित्यहीन नहोस भन्ने सुनिश्चत गर्नका लागि यस प्रावधानको भाषा मिलाइनुपर्दछ । त्यस्तो भाषा यसप्रकारको हुन सक्दछ :–

  **धारा २२(२) उचित एवं वैध सार्वजनिक उद्देश्यका लागि आवश्यक परेको अवस्थामा बाहेक कुनै पनि नागरिकलाई निजको बासस्थानबाट हटाईने छैन र वासस्थानबाट निकालाका लागि अख्यिारी प्रदान गर्ने कानून पनि उचित र आवश्यक हुनुपर्छ ।**

  **२२(३) : त्यस्तो निकालाबाट त्यस व्यक्तिको अन्य कुनै मौलिक अधिकारको हनन वा आवासविहिनता नहुने कुरा सुनिश्चत गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्नुपर्नेछ ।**

- **आवास सम्बन्धि हक/स्वेच्छारी निकाला विरद्धको अधिकार : धारा २२(२) :** आवासको अधिकारलाई नागरिकका लागि सिमित गर्नुको पछाडि औचित्य हुनसक्ने भएता पनि स्वेच्छाचारी निकाला विरुद्धको अधिकार सबैका लागि उपलब्ध नगराउनुको कुनै औचित्य छैन (राज्यले गैरनागरिकलाई आवाससम्बन्धी केहि पनि उपलब्ध गराउने पनि होइन) । धारा २२(२) लाई निम्नबमोजिम मस्यौदा गर्नुपर्दछ :–

**कानुन वा अदालतको आदेश बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई हटाइने छैन....।**

**सामाजिक न्याय**

- **सामाजिक न्यायको हक :** समानुपातिक समावेशीकरणका आधारमा राज्यका संरचनाहरूमा ऐतिहासिक रुपमा सिमान्तीकृत समुहको प्रतिनिधित्व सुनिश्चत गर्ने उद्देश्य भएकोले धारा २७(१) मा सामाजिक न्यायको अधिकार पाउने समुहहरूमा 'आर्थिक रुपमा विपन्न नागरिक' पनि समावेश गरिनुपर्दछ । धारा २७(२) को निर्देशनले 'आर्थिक रुपमा विपन्न नागरिक' लाई समानुपातिक सहभागीताको क्रममा प्राथमिकता दिईनुपर्ने उल्लेख गर्दै यस्तो व्यवस्था हुनुपर्ने पुष्टि गरेको छ ।

- **सामाजिक न्यायको हक : धारा २७(९) :** अपाङ्गता भएका व्यक्ति । सार्वजनिक सेवा तथा सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समान पहुँचको प्रत्याभुती गरिएको छ तर समान पहुँच संधै पर्याप्त हुदैन । सार्वजनिक सेवामा पहुँच सुनिश्चत गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई सारभुत रुपमा समान पहुँच तथा उनिहरुको अवस्थाको समायोजन आवश्यक पर्दछ । (उदाहरणका लागि समान पहुँचका लागि स्कुल तथा सरकारी भवनमा ह्वील चेयर लैजान सक्ने हुनुर्दछ ) । धारा २७(९) लाई निम्न बमोजिम परिवर्तन गरी परिमार्जन गर्न सकिन्छ :– **अपाङ्गता भएका व्यक्तिलाई आत्म सम्मानकासाथ सम्मानपूर्ण जिवन जिउने अधिकार हुने छ तथा सार्वजनिक सेवा र सुविधाहरूमा सारभुत समान पहुँचको अधिकार हुनेछ ।**
- **सामाजिक न्यायको हक : धारा २७(३)-(१०) :** विशेष सुविधा तथा अवसर प्राप्त गर्ने अधिकार अत्यन्त अष्पष्ट छ र यस प्रावधानमा कुनै बास्तविक कुरा पनि छ र भन्ने लाग्दछ । अर्को शब्दमा भन्ने हो भने धारा २७(३)-(१०) अर्न्तगत अधिकारप्राप्त व्यक्ति आफ्नो अधिकारको दावी गर्दै अदालतमा गए भने अदालतलाई स्पष्टताका साथ यस धाराले के प्रत्याभुत गरेको हो भन्ने कुरा निर्धारण गर्न कठिनाइ पर्नेछ । वर्तमान मस्यौदामा यि प्रावधानलाई जसरी राखिएको छ त्यसले कुनै अधिकार संविधानमा राख्नुको प्रमुख औचित्यहरु, सरकारलाई जवाफदेही बनाउने एवम् अधिकारमा दावि गर्न सकिन्छ र ति न्यायिक निरोपणयोग्य हुन्छन भन्ने कुरा सुनिश्चित गर्ने, लाई नै कमजोर बनाउँछ । यि प्रावधानहरुलाई विशेष अवसर तथा सुविधा भनेको के हो स्पष्ट हुने गरी भाषा मिलाउनु पर्दछ ।
- **सामाजिक न्यायको हक** : धारा ३१(१) का “कानुनमा व्यवस्था भएबमोजिम” भन्ने शब्दहरूले सामाजिक न्याय सम्बन्धी धारामा भएका व्यापक संरक्षणहरू उपर अनिश्चतताको खतरा ल्याउँछ । यो समस्या धारा ३१(१) हटाएर समाधान गर्न सकिन्छ । ( धारा ३१ सम्बन्धी छुट्टै टिप्पणी तल हेर्नुहोस्) ।

**सामाजिक सुरक्षा**

- **सामाजिक सुरक्षासम्बन्धी हक** : धारा २८: सामाजिक सुरक्षाको अधिकार जसलाई आवश्यक परेको हो उनिहरुका लागि भन्दा पनि खास समुहहरूमा सिमित गरिएको छ । नेपालमा सिमित वित्तिय स्रोत भएकोले यसलाई खास समुहका सबै सदस्यहरूलाई भन्दा आवश्यकताका आधारमा उपलब्ध गराइनुपर्दछ, र त्यस्ता समुहका धेरैजसो व्यक्तिलाई सामाजिक सुरक्षाको सुविधा आवश्यकता नपर्ने हुनसक्छ । धारा २८(१) लाई यसरी लेख्न सकिन्छ : **प्रत्येक व्यक्तिलाई आवश्यक परेको अवस्थामा पर्याप्त र पहुँचयोग्य सामाजिक सुरक्षाको अधिकार हुनेछ ।**

- **सामाजिक सुरक्षासम्बन्धी हक : धारा २८ :** वर्तमान प्रावधानमा अर्न्तराष्ट्रिय मापदण्डअनुरुप सामाजिक सुरक्षाको स्वरुप वा मात्रामा "पर्याप्त" भन्ने कुरा उल्लेख गरिएको छैन । यसमा निम्नबमोजिमको भाषा हुनुपर्दछ : **कमजोर वर्ग, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति... लाई पर्याप्त सामाजिक सुरक्षाको अधिकार हुनेछ ।**

- **सामाजिक सुरक्षासम्बन्धी हक : धारा २८ :** यस धाराले सामाजिक सुरक्षा प्रदान गरेजस्तो देखिन्छ तर यसलाई **कानुनमा व्यवस्था भए बमोजिम** भनेर सिमित गरिएको छ । कानुनमा व्यवस्था भए बमोजिम भन्ने भाषाको अर्थ यो हुन्छ कि सामाजिक सुरक्षाको अधिकार संवैधानिक रुपमा संरक्षित छैन, र त्यसैले यो पदावली हटाइनुपर्दछ । सामाजिक सुरक्षाको स्वरुप र मात्रा सम्बन्धी विवरणहरू कार्यान्वयन गर्ने कानुनले व्यवस्था गर्ने मनसाय हो भने पनि यस प्रावधानलाई उचित वा पर्याप्त भन्ने मापदण्ड राखेर सुदृढ गर्नुपर्दछ, जस्ले गर्दा उक्त प्रावधान यस प्रकारको होस :– **प्रत्येक व्यक्तिलाई आवश्यक परेको अवस्थामा पर्याप्त (उचित) सामाजिक सुरक्षाको अधिकार हुनेछ ।**

- **सामाजिक सुरक्षाको हक :** सामाजिक न्यायको अधिकार सम्बन्धि यस महत्वपूर्ण धारालाई धारा ३१(१) को शब्दसंयोजनको अस्पष्टताले "कानुनमा व्यवस्था भएबमोजिम" भन्ने नियन्त्रण अर्न्तगत पार्नसक्ने हुनाले जोखिममा पारेको छ । यो समस्या धारा ३१ (१) हटाएर समाधान गर्न सकिन्छ । ( धारा ३१ सम्बन्धी छुट्टै टिप्पणी तल हेर्नुहोस्) ।

**कार्यान्वयन**

- **धारा ३१(१)**

    - यस प्रावधानको अर्थ के हो ? धारा ३१(१) एकदमै अस्पष्ट रुपमा मसौदा गरिएका कारण यसको अर्थ एकिन गर्न सकिदैन ।

    - एउटा संभाव्य व्याख्या अर्न्तगत धारा ३१(१) ले शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाना, सामाजिक सुरक्षा तथा सामाजिक न्यायसम्बन्धी धाराहरूलाई सजिलैसंग 'निर्देशक सिद्धान्त' वा 'कानुनमा व्यवस्था भएबमोजिम' भन्ने बनाउन सक्दछ ।

    - धारा ३१(१) ले सृजना गरेको खतराले खास अधिकारहरूसँग सम्बन्धीत सारभुत धाराहरू (शिक्षाको अधिकार, खाद्य अधिकार, स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार, आवासको अधिकार, सामाजिक सुरक्षा तथा सामाजिक न्यायको अधिकार) मात्र नभई यि हकहरु (शिक्षा, खाद्य, स्वास्थ्य, रोजगारी, आवास, सामाजिक सुरक्षा तथा सामाजिक न्याय) उल्लेख मात्र भएका अन्य जुनसुकै धारालाई समेत समेट्छ । तसर्थ महिला

अधिकार सम्बन्धी धारा (विशेषतः धारा २३ (३), २३ (६), बालबालिकासम्बन्धी अधिकारसम्बन्धी धारा (विशेषतः धारा २४ (२), दलित समुदायसम्बन्धी अधिकार (विशेषतः धारा २५ (३), सामाजिक न्यायसम्बन्धी धारा २७ (३) र सामाजिक सुरक्षासम्बन्धी धारा २८ लगायतका सबै धारालाई धारा ३१(१) र (२) ले समाप्त पार्ने जोखिम छ ।

- o बैकल्पीक रुपमा, यदि यस धारा ३१(१) को उद्देश्य सरकारलाई अधिकारको कार्यान्वयनका लागि स्मरण मात्र हो भने यस्तो प्रावधान अनावश्यक छ र त्यस्तो अवस्थामा यो धारा हटाउनु वा कार्यान्वयनका लागि त्यस्तो व्यवस्था गरिएको हो भन्ने स्पष्ट संकेत गर्ने गरि प्रस्ट्याउनु पर्छ ।

- o यदि धारा ३१(१) को उद्देश्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका सम्बन्धमा सरकारलाई स्मरण गराउने वा प्रोत्साहित गर्ने हो भने निम्न बमोजिमको स्पष्ट भाषा एक विकल्प हुन सक्दछ :– **शिक्षा, स्वास्थ्य, रोजगारी, आवास,** खाद्य, **सामाजिक सुरक्षा तथा सामाजिक न्यायसम्बन्धी अधिकारहरू सरकारका सबै तहमा बाध्यात्मक रुपमा लागु हुनेछन् तथा अदालतद्धारा पूर्ण रुपमा कार्यान्वयन गर्न सकिनेछ । राज्यले यि अधिकारको कार्यान्वयनको लागि सबै उपयुक्त उपायहरू अबलम्बन गर्नुपर्नेछ ।**

- **धारा ३१(२)** : धारा ३१(२) ले यस भागमा प्रदत्त अधिकारहरूको कार्यान्वयन गर्न दुई वर्षभित्र कानुन बनाउन सरकारलाई आव्हान गर्दछ । यस व्यवस्थाले प्राप्त भइसकेका अधिकारहरुको संवैधानिक मान्यता, हैसियत र प्रत्याभुतीको अवमुल्यन गर्दछ । अर्को शब्दमा भन्दा यस भागमा प्रदत्त अधिकारहरू विनाअस्पष्टता तुरुन्त लागु हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ । धारा ३१(२) लाई हटाई सजिलैसंग त्यस्तो व्यवस्था हुने गर्नसकिन्छ ।

# मौलिक अधिकार समितिको अवधारणापत्रले संवोधन नगरेका तर विचार गरिनुपर्ने प्रमुख विषयवस्तुहरुको सुची

**कार्यान्वयनसम्बन्धी प्रावधान** : **अधिकारसम्बन्धी प्रावधानका सम्बन्धमा** : मौलिक अधिकारसम्बन्धी भागको दायित्वहरूको भार कसले लिन्छ ? के सबै तहका सरकार (सङ्घीय, प्रान्तीय तथा स्थानिय)ले आ-आफ्नो जिम्मेवारीका संवैधानिक क्षेत्रभित्रको दायित्व व्यहोर्नेछन ? व्यक्ति तथा निजी कम्पनीहरूका सम्बन्धमा के हुन्छ ? उदाहरणका लागि वर्तमान समानतासम्बन्धी प्रावधानहरू(धारा ३(४) तथा धारा ९)ले निजी व्यक्तिहरु तथा निजी कम्पनीहरुकावीच गैरभेदभावको दायित्व सुजना गरेजस्तो देखिन्छ –के त्यो यसको वाञ्छित प्रभाव हो ? संधैजसो नभए पनि धेरैजसो अवस्थामा संवैधानिक अधिकारपत्रहरुले निजी कम्पनी तथा व्यक्तिहरूका लागि नभई सरकारका लागि सकारात्मक तथा नकरात्मक दायित्वहरू सृजना गर्दछन् ।

सायद दक्षिण अफ्रिकाको संविधानको धारा ९(४) चाखलाग्दो हुनसक्छ जुन प्रावधानले एक व्यक्तिद्वारा अर्को व्यक्तिविरुद्धको विभेदमा निषेध गरेको छ तर त्यस्तो 'व्यक्तिगत विभेद' कार्यान्वयन कानुनको विषय हुनेछ भनी उल्लेख गरेको छ : **अन्यायपुर्ण विभेद निषेध वा रोकथाम गर्न राष्ट्रिय कानुन लागु गर्नुपर्नेछ** ।

**प्रस्तावित शब्दावली:** माथि उल्लेखित दक्षिण अफ्रिकाको संविधानको व्यवस्था नेपालका लागि सहयोगी नमुना हुनसक्छ भन्ने सुझाव दिइन्छ ।

**उपचार र परिपुरण सम्बन्धी प्रावधान** : यस भागमा उपचार तथा परिपुरणसम्बन्धी कुनै स्पष्ट प्रावधानको व्यवस्था उल्लेख छैन, मात्र संविधानको अर्को भाग उल्लेख गरेको छ (धारा ३१(३) मा) । यसलाई स्पष्ट पार्न साथै सुदृढ गर्न आवश्यक छ । मानव अधिकार तथा तिनीहरूको हननको उपचार छुट्टै र विशिष्ट हुन्छ तथा आफ्नै विस्तृत उपचार प्रावधान हुनुपर्दछ : अन्य कतै देवानी कानुनबाट सापटी लिइएको सामान्य उपचार प्रावधानमा भर परेर मात्र मानव अधिकारको हननमा आवश्यक पर्ने पूर्ण स्तरको उपचारको आशा गर्न सकिन्न ।

साथै अधिकार कार्यान्वयनको दाबी मातहतका अदालतमा समेत गर्न सकिने कुरा उल्लेख हुनुपर्दछ । अर्को शब्दमा, अधिकारको हनन भएको निर्धारण गर्ने क्षेत्राधिकार भएका अदालतलाई मुद्दाको परिस्थीति हेरी उचित र प्रभावकारी हुने कुनै र सबै उपचारको आदेश दिनका लागि पूर्ण उपचारको अधिकारक्षेत्र रहनुपर्दछ ।

*यस भागद्धारा प्रत्याभुत गरिएका अधिकार वा स्वतन्त्रताहरू हनन वा अस्वीकार गरिएको कुनै पनि व्यक्तिले अदालतले पूर्ण न्याय प्रदान गर्न तथा परिस्थीतिअनुसार उचित र न्यायपूर्ण उपचार दिनका लागि आवश्यक ठहऱ्याएको उपचार प्राप्त गर्न अधिकारक्षेत्र निहित भएको सक्षम अदालतमा निवेदन गर्न सक्नेछ ।*

*अथवा*

*यस भागद्धारा प्रत्याभुत गरिएका अधिकार वा स्वतन्त्रताहरू हनन वा अस्वीकार गरिएको कुनै पनि व्यक्तिले अदालतले पूर्ण न्याय प्रदान गर्न तथा परिस्थीतिअनुसार उचित र न्यायपूर्ण उपचार दिनका लागि आवश्यक ठहऱ्याएको उपचार प्राप्त गर्न अधिकारक्षेत्र निहित भएको सक्षम अदालतमा निवेदन गर्न सक्नेछ । उल्लेखित व्यवस्थाको सामान्य प्रभाव सिमित नहुने गरी अदालतले परिपुरणका लागि आवश्यक आदेश (क्षतिपुर्ति, सन्तुष्टि, परिपुरण, पुनरावृत्तीविरुद्धको प्रत्याभुती, पुर्नवहाली तथा पुर्नस्थापन लगायत), घोषणा...... तथा बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, उत्प्रेषण र अधिकारपृच्छा लगायतका रिटहरू जारी गर्न सक्नेछ ।*

**व्याख्या खण्ड :** अधिकार, स्वतन्त्रता तथा दायित्वको व्याख्यालाई सुचित गर्ने तरीकाको रुपमा नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि, प्रथाजनित अर्न्तराष्ट्रिय कानून लगायतका अर्न्तराष्ट्रिय कानून तथा मापदण्ड पूर्ण परिपालना गर्दै यस भागमा राखिएका प्रावधानको व्याख्या र कार्यान्वयन गर्न सरकार तथा अदालतलाई निर्देशित गर्ने प्रावधान राख्नु उपयुक्त हुन्छ ।

**प्रस्तावित भाषा**

मौलिक अधिकारसम्बन्धी भागको प्रावधानको कार्यान्वयन गर्दा अदालतले नेपालको कानूनी दायित्व, अर्न्तराष्ट्रिय कानून तथा मापदण्डको पूर्ण अनुरुपता सुनिश्चित गर्नेछ ।

**सर्वोच्चतासम्बन्धी व्यवस्था** : संवैधानिक समितिको अवधारणापत्रको प्रस्तावित धारा १ को सर्वोच्चता सम्बन्धी व्यवस्थाले विधायिकी कानुनका प्रावधान भन्दा मौलिक अधिकारसम्बन्धी प्रावधानहरू सर्वोच्च हुने प्रष्ट पार्दछ साथै संविधानसँग बाझिएको कानुन बाझिएको हदसम्म अमान्य हुने उल्लेख गर्दछ । तर यस प्रावधानमा भएका शब्दले राज्यले संवैधानिक रुपमा सुम्पिएको दायित्व पुरा नगरेबाट पनि अधिकारको हनन हुनसक्छ भन्ने कुरा स्पष्ट पार्दैन । प्रस्तावित भाषाको लागि दक्षिण अफ्रिकाको संविधानको धारा २ हेर्नुहोस् :

**संवैधानिक सर्वोच्चता**

यो संविधान यस गणतन्त्रको सर्वोच्च कानुन हुनेछ, यससँग बाझिने कानुन वा व्यवहार अमान्य हुनेछ । यसका साथै यसले निर्धारण गरेका दायित्वहरू पुरा गर्नुपर्नेछ ।

**केन्याको नमुना संविधान**

**संवैधानिक सर्वोच्चता**

२(१) ...

....

.....

(४) यस संविधानसँग बाझिने प्रथाजनित लगायत कुनै पनि कानुन बाझिएको हदसम्म अमान्य हुनेछ तथा संविधान विपरीत गरिएको कुनै कार्य वा अकार्य अबैध हुनेछ।

नेपालमा सर्वोच्चतासम्बन्धी प्रावधानको प्रस्तावित भाषा (संबैधानिक समितिको अवधारणापत्रको धारा १(१) बाट लिइएको) :

**मुल कानुनका रुपमा संविधान :**

(१) यो संविधान नेपालको मुल कानुन हो। यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ।

**संवैधानिक निकायहरू/ कार्यान्वयन** :

परम्परागत मुद्दामामिलाका आधारमा गरिने कार्यान्वयनका अतिरिक्त मौलिक अधिकारसम्बन्धी प्रावधानहरूका बारेमा अनुसन्धान, अनुगमन तथा लागु गर्ने (कानुनी रुपमा लागु हुने आदेश जारी गर्ने अधिकार सहितको) पूर्ण अधिकार सहितको विशेषकृत अर्धन्यायिक संवैधानिक निकायको व्यवस्था गर्नु निकै उपयोगी हुन्छ।